मिति: ०७६ /१० /३

# प्रेस विज्ञप्ति

प्रिय पत्रकार साथीहरु,

युवा तथा साना व्यवसायी स्वरोजगार कोषका उपाध्यक्ष डा. प्रेमप्रसाद दंगाल नेपाल सरकारको मिति ०७२ पुस २९ गतेको निर्णय बमोजिम ०७२ फागुन ३ गते पदवहाल गरी आफ्नो ४ वर्षे कार्यकाल पूरा गर्नु भएको छ । उहाँको कार्यकालमा सम्पन्न भएका मुख्य–मुख्य काम, उपलब्धीहरु र नीतिगत परिवर्तन तथा सुधार निम्न बमोजिम रहेका छन् ।

| क.सं. | मुख्य–मुख्य कामहरु | उपलब्धीहरु र नीतिगत परिवर्तन तथा सुधार |
|---|---|---|
| १. | नीतिगत सुधार | १. छिटोछरितो ढङ्गबाट कर्जा उपलब्ध गराउने उद्देश्यले द्रुत कर्जा निर्देशिका, २०७३ पारित गरिएको,<br>२. प्रत्येक स्थानीय तहमा लागू गरिने गरी एक तह एक नमुना व्यवसाय निर्देशिका २०७३ पारित गरिएको,<br>३. स्वरोजगार हुने व्यवसायीहरुको बीमा प्रिमियम दरलाई बीमा समिति र सरोकारवाला निकायसँग छलफल गरी प्राप्त भएको सिफारिस अनुसार मिति २०७३ माघ १ गते देखि लागू हुने गरि बीमा प्रिमियममा परिमार्जन गरि दाबी भुक्तानीमा सहजता बनाईएको,<br>४.व्याज अनुदान भुक्तानी निर्देशिका २०७४ सञ्चालक समितिबाट पारित गरी कार्यान्वयनमा ल्याईएको,<br>५. तालिम सञ्चालन निर्देशिका, २०७५ सञ्चालक समितिबाट स्वीकृत भै कार्यान्वनमा ल्याईएको,<br>६. कोषलाई प्रभावकारी ढंगले सञ्चालन र यसको स्थायित्वका लागि ऐनको अवधारणापत्र स्वीकृत भएको,<br>७. कोष सञ्चालन नियमवाली २०६५ संशोधनको प्रक्रियामा रहेको,<br>८. कोषको लगानी, अनुगमन तथा असूली निर्देशिका, २०७५ तयार गरी सञ्चालक समितिमा पेश गरिएको,<br>९. कोषको लगानी ३ किस्तामा उपलब्ध गराउने व्यवस्था रहेकोमा २ किस्तामा निकासा हुन व्यवस्था गरिएको,<br>१०. बैंक वित्तीय संस्था र सहकारी संस्थालाई र व्यवसायीबाट लिईदै आएको व्याजदर क्रमश ७ प्रतिशत र १२ प्रतिशतलाई पुनरावलोकन गरी ५ प्रतिशत र १० प्रतिशत कायम गरिएको<br>११. वित्तीय व्यवस्थापनलाई व्यवस्थित गर्न वित्त शाखामा सफ्टवेर स्थापना गरिएको,<br>१२. कोषको दरबन्दी, संरचनासमेतका विषयमा संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M) तयार गरिएको,<br>१३. कोषको प्रदेशस्तरीय कार्यालयहरु स्थापनाका लागि प्रस्ताव अगाडि बढाइएको,<br>१४. लोकसेवा आयोगको प्रतिनिधिसमेत सामेल गरी गठीत पदपूर्ति समितिबाट कर्मचारी तथा स्वयमसेवकको भर्ना गरिएको,<br>१५. कर्मचारी र स्वयमसेवकहरुको मनोवल उच्च बनाउन तलब तथा भत्ता वृद्धि गरिएको,<br>१६. उद्योग वाणिज्य महासङ्घ तथा चेम्वर अफ कमर्शले तालीम संचालनका लागि लिएको पेश्की फछ्यौट गरिएको,<br>१७. अनुगमन, कार्यक्रम, तालिम, व्याज अनुदान र असुलीको कामलाई थप व्यवस्थित गर्न सफ्टवेयर तयार गरी एउटै एकीकृत सफ्टवेयर तयार गरिएको, यस कोषको सर्भरमा कार्यालयको वेवसाइट जी.आई.डि.सी.को सर्भरबाट आफ्नै कार्यालयको सर्भरमा ल्याइएको,<br>१८. सूचना दिने सम्बन्धी: प्रत्येक त्रैमासिकमा **PDMS** रिपोर्ट तयार गरी तालुक मन्त्रालयमा पठाउनुका साथै वेबसाईटमा अपलोड गर्ने गरिएको,<br>१९. कार्यलयमा आउने सेवाग्राही तथा फोन, इमेलमार्फत सूचना तथा परामर्श माग्ने सेवाग्राहीहरु तथा पत्रकारहरुलाई नियमति रुपमा मौखिक र लिखितरुपमा सूचना प्रवाह गर्ने गरिएको यसका लागि कोषको सूचना अधिकारीको व्यवस्था गरिएको,<br>२०. कोष संचालक समितिको बैठक १७ पटक बसी विभिन्न नीतिगत निर्णयहरु गरेको,<br>२१. कोषको लगानी, अशुली, वित्तिय व्यवस्थापन तथा अनुसाशन र विनियोजित बजेट खर्च गर्ने कार्य नियमित रुपमा लेखा परिक्षण गर्ने गरिएको र यी सबै कार्यमा आर्थिक वर्ष ०७५/०७६ मा महालेखा परिक्षकको प्रतिवेदनमा राम्रो रुपमा उल्लेख गरिएको,<br>२२. कोषको आयको १ प्रतिशतसम्म कार्यक्रम सञ्चालन र प्रवर्द्धनमा खर्च गर्नसकिने व्यवस्था कोष सञ्चालन नियमावलीमा रहेको भएतापनि मितव्ययी ढंगले कार्यसम्पन्न गरी उक्त रकम बचत मै राखिएको, कोषमा हाल रु. ८० करोड रकम बचतमा रहेको । |
| २. | कार्यक्रम | मिति २०७२/०५/३०, २०७३/१०/१३ र २०७५/०२/०६ को सूचना बमोजिम १४७१ वटा सहकारी संस्थाहरुलाई रु. ६ अर्ब ३ करोड २१ लाख ९० हजार कर्जा स्वीकृत गरिएको,<br>**उक्त लगानीबाट ४६,७४८ जना युवालाई स्वरोजगार बनाईएको ।**<br>**०६६ देखि हालसम्म ९ अर्ब ४९ करोड लगानी गरी करिब ७२,६४३ जना युवालाई स्वरोजगार बनाइएको,**<br>**वर्तमान सरकार गठन भएयता रु ३,७९,६५ लाख लगानी गरी २८,६६९ जना स्वरोजगार सिर्जना गरिएको ।** |
| ३ | अनुगमन | मिति २०७२/०५/३०, २०७३/१०/१३ र २०७५/०२/०६ गते थोक कर्जाको लागि नयाँ प्रकाशित सूचनामा आधारित प्रस्ताव तथा किस्तासमेत १७४६ वटा सहकारी संस्थाहरुको स्थलगत अनुगमन गरिएको । |
| ४ | असूली | • भाखा नाघेका कर्जा असूली: प्रारम्भीक सहकारी संस्थाहरु र एक करोडभन्दा बढि लगानी भएका सहकारीहरु र बैंक तथा वित्तिय संस्थाहरुबाट भाखा नाघेको कर्जा रु. २९,९०,१६,८५४।- असूली तथा हिसाब मिलान गरिएको<br>• कोषसँग कर्जा सम्झौता गरि भुक्तानी तालिका अनुसार समयमा किस्ता तथा व्याज नबुझाएमा (भाखा नाघेका तथा ननाघेका) ७३५ वटा सहकारीहरुलाई मौखिक तथा टेलिफोनबाट तरताकेता गरिएपश्चात् कतिपय सहकारीहरुले कोषमा |